# नेपाल राष्ट्र बैंक

वीरगंज कार्यालय

**नोट काउण्टिङ्ग मेसिन खरिद गर्ने बारेको सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७३/१०/०९**

**सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७३/१०/२४ गते दिनको १:०० बजेसम्म**

**दरभाउपत्र खोल्ने मिति २०७३/१०/२४ गते समय : दिनको २:०० बजे**

यस कार्यालयको लागि सिलवन्दी दरभाउपत्र फाराममा तोकिएको स्पेसिफिकेशन अनुसारको ५ (पांच) थान नोट काउण्टिङ्ग मेसिन खरिद गर्नु पर्ने भएको हुँदा मूल्य अभिवृद्धि करमा दर्ता भएका ईजाजतप्राप्त फर्म/कम्पनीहरुलाई यो सूचनामा प्रकाशित भएको मिति तथा समय भित्र देहायमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. बैंकबाट खरिद गरिएको सक्कल दरभाउपत्र फाराममा आवश्यक विवरणहरु भरी दरभाउपत्रदाताले खाम बाहिरपट्टि शिरमा “नोट काउण्टिङ्ग मेशिन आपूर्ति गर्ने बारे” लेखी श्री निर्देशक ज्यू, नेपाल राष्ट्र बैंक, बीरगंज कार्यालयलाई सम्बोधन गरेको हुनु पर्नेछ ।

२. दरभाउपत्र फारामसाथ फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, गत आर्थिक वर्षको आयकर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

३. दरभाउपत्र फाराम साथ दरभाउपत्र जमानत वापत कम्तीमा रु.२७,०००।- (रु. सत्ताईस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाव (१७०९९९९.०११.०००.५२४) मा नगद जम्मा गरेको सक्कल भौचर वा ईजाजत पत्र प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन न्यूनतम मान्य अवधि भएको दरभाउपत्र जमानत (Bid Bond) संलग्न गर्नु पर्नेछ । उक्त विडवण्ड दरभाउपत्र सम्बन्धी निर्णय भएपछि फिर्ता गरिने छ ।

४. स्वीकृति भएका दरभाउपत्रदाताले सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफूले कबूल गरेको मू.अ.कर समेतको रकमको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाबमा नगदै वा कुनै बैंक वा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको न्यूनतम १२ महिना अवधि भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गरी बैंकसंग सम्झौता गर्नुपर्नेछ ।

५. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने तथा दरभाउपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

६. दरभाउपत्र खोलिने दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधिहरुको रोहबरमा नेपाल राष्ट्र बैंक, बीरगंज कार्यालयमा दरभाउपत्र खोलिने छ, तर दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

७. दरभाउपत्र यस बैंकको लेखा फाँटबाट रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) तिरी प्राप्त गर्न सकिनेछ । उक्त फाराम फिर्ता हुने छैन ।

८. यस सम्बन्धी अन्य शर्तहरु बैंकले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०५१ ५२२०५३ एक्सटेन्सन ११२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

९. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. यो सूचना यस बैंकको वेबसाईट www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

**निर्देशक**